


ललितपुर । हात्तिवनमा  कार्यालय रहेको टेवा बहुउद्देश्यीय सहकारी संस्था लि. को आयोजनामा एक दिने झोल साबुन बनाउने तालिम मिति २०८०।११।१८ गते सम्पन्न भएको छ ।

संस्थाको महिला तथा बालबालिका उप-समितिको संयोजनमा सम्पन्न तालिममा संस्थाका अध्यक्ष श्री लब कुमार खड्काले तालिम उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष श्री लब कुमार खड्काले सफाइको महत्वलाई झल्काउन साबुन बनाउने तालिम दिएको बताउनु भयो । तालिमपछि व्यावसायिक बन्न औपचारिक रूपमा सम्बन्धित निकायमा व्यवसाय दर्ता गरी व्यवसाय गर्नुपर्ने कुरालाई उहाँले जोड दिनुभयो । तालिममा  श्रृजनशील महिला सीप विकास केन्द्रका प्रशिक्षक श्री निर्मला शाक्यले प्रशिक्षण दिनुभएको  थियो ।  उक्त तालिममा ३० जनाको सहभागीता रहेको थियो । तालिमपछि उहाँहरूलाई प्रमाणपत्र पनि वितरण गरिएको थियो ।

तालिमको समापन सत्रमा सहभागीहरुको तर्फबाट श्री कृष्ण कुमारी गौतम र श्री नमुना थापाले तालिमको मूल्याकङ्कन गर्नुभएको थियो । साबुन बनाउने तालिम फाईदाजनक तालिम रहेको तालिमका सहभागीहरुले बताउनु भएको  थियो । मन्तब्यका क्रममा यस तालिममा लिएका सीपलाई ब्यवहारमा उतार्न, सिकेका सीपबाट आयआर्जन तथा ब्यवसायिक रुपमा गरी अर्थोपार्जन गर्न, सुरुवातमा खर्च कम गर्न दुई तीन जना मिलेर काम गर्न वक्ताहरुले सुझाएका थिए ।